जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ६६ २०८२ साल असोज २१ गते मंगलबार (7 Oct 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विपद् व्यवस्थापनको सारथी... ३ पृष्ठमा : आत्मजागरणका लागि ... ३ पृष्ठमा : भारतको पश्चिम बङ्गालमा ...

## कारागारबाट फरार भएका मध्ये ८ कैदीबन्दीले गरे आत्मसमर्पण, एक पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

जेनजी आन्दोलनका क्रममा गत भदौ २५ गते राजविराज र झुम्का कारागारबाट फरार भएका मध्ये ८ जना कैदीबन्दीले सोमबार आत्मसमर्पण गरेका छन् । एक जना फरार कैदीबन्दीलाई भने प्रहरीले घरबाटै पक्राउ गरेको छ ।

दुबै कारागारबाट भागेको २५ दिनपछि उनीहरु आफै राजविराज कारागार पुगेर कारागार प्रशासन समक्ष आत्मसमर्पण गरेका हुन् ।

कारागार कार्यालय सप्तरीमा बन्दी जिवन बिताइरहेका सप्तरीको विष्णुपुर गाउँपालिका २ निवासी ५२ वर्षिय भोलाप्रसाद यादव, महादेवा गाउँपालिका ४ निवासी २४ वर्षिय शत्रुधन मुखिया, डाक्नेश्वरी नगरपालिका ७ निवासी २१ बर्षीय प्रकाश चौधरी, सोही पालिकाको वडा नम्बर १ बस्ने ५० बर्षीय राजनारायण साह, राजविराज नगरपालिका १२ का २२ बर्षीय अरुणकुमार यादव र राजगढ गाउँपालिका १ निवासी ४१ बर्षीय रामानन्द यादवले आत्मसमर्पण गरेका छन् ।

यस्तै जेनजी आन्दोलनकै क्रममा भदौ २५ गते नै सुनसरीको झुम्का कारागारबाट फरार भएका सप्तरीको कञ्चनरुप नगरपालिका ७ का ३७ बर्षीय पशुपति भन्ने पुष्कर महतो र सोही पालिकाको वडा नम्बर ४ बस्ने ३९ बर्षीय अमरनाथ विश्वासले पनि आत्मसमर्पण गरेका छन् ।

यस्तै कारागार कार्यालय सप्तरीबाट फरार भएका रुपनी गाउँपालिका २ निवासी २४ बर्षीय २४ कुम्भकर्ण सदालाई सोमबार नै घरमा सुतिरहेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

कारागार प्रशासनले यसअघि एक सुचना जारी गर्दै फरार भएका कैदी बन्दीलाई २०८२ असोज २० गते सम्म फर्कि नआए कारागार ऐन २०७९ र प्रचलित कानुन बमोजिम थप सजाय हुने जनाएको थियो ।

तोकिएको समयसिमाको अवधिमा ८ जना आफै कारागारमा उपस्थित भएको जेलर गंगालाल योगीले जानकारी दिर्दै आफै हाजिर भएर ती कैदीबन्दीहरुले इमान्दार चरित्र देखाएको बताए ।

गत भदौ २५ गते कारागारमा तोडफोड र आगजनी गर्दै २ सय ५ कैदीबन्दी फरार भएका थिए । जसअध्ये अहिले सम्म १ सय १३ जना कैदीबन्दीलाई फिर्ता आइसकेको छ भने दुईजना फरार रहेकै अवस्थामा झुण्डिएर आत्महत्या गरेका छन् ।

कारागारबाट फरार भएका मध्ये ९२ जना अझै सम्पर्कमा नआएको र उनीहरुको व्यापक रुपमा खोजतलाश कार्य भई रहेको प्रहरीले जनाएको छ ।

## खोलाले बगाएर बालकको मृत्यु, दुई बालिका बेपत्ता

**दैनिक समाचारदाता**
**रौतहट, २० असोज ।**

नुहाउन गएका बालकको खोलाले बगाएर मृत्यु भएको छ । रौतहटको राजपुर नगरपालिका-८ बलुवा गोठटोल बस्ने गोनबर मियाको १० वर्षीय छोरा अरबाज मियाको खोलाले बगाएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिएका छन् ।

घरबाट नजिकै बकैया खोलामा नुहाउन गएका बालकलाई खोलाले बगाएको स्थानीयले खबर गरेपछि इलाका प्रहरी कार्यालय राजपुरका प्रहरी वरिष्ठ नायब निरीक्षक राजेन्द्र गिरी र सशस्त्र प्रहरी फतुवा बेसका सशस्त्र प्रहरी निरीक्षक पूर्णबहादुर तामाङको टोलीले ४० मिनेटपछि बालकलाई फेला पारेको प्रवक्ता कार्कीले जानकारी दिए ।

बालकको उपचारका लागि राजपुर प्राथमिक उपचार केन्द्र

*बाँकी अन्तिम पृष्ठमा*

## सात बुँदे राजविराज घोषणापत्र जारि गर्दै अन्तराष्ट्रिय देव महासम्मेलन सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

सात बुँदे राजविराज घोषणा पत्र जारि गर्दै देव समुदायको प्रथम अन्तराष्ट्रिय महासम्मेलन सम्पन्न भएको छ ।

असोज १७ देखी १९ गतेसम्म राजविराजस्थित बागेश्वरी मन्दिरको प्राङ्गणमा सुरु भएको तीन दिवसीय अन्तराष्ट्रिय महासम्मेलन आइतबार राती सम्पन्न भएको हो ।

आयोजक समितिका संयोजक ई. इन्द्र नारायण देवद्वारा सार्वजनिक घोषणापत्र मार्फत महासम्मेलनले देव जातिको संस्कृति, संस्कारको संरक्षण, आपसी एकता र सद्भावमा जोड दिनुका साथै देव जातीलाई अतिअल्पसंख्यकको सूचीमा समावेश गरि आरक्षणको व्यवस्था गर्न सरकारसँग जोडदार माग गरेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## मंसिर १ देखी १० सम्म दल दर्ताको समय

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

निर्वाचन आयोगले निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय मंसिर १ गतेदेखि १० गतेसम्मका लागि तोकेको छ ।

आयोगद्वारा सोमबार जारि विज्ञप्तिमा निर्वाचनमा भाग लिन चाहने सरोकारवालाले कात्तिक ३० अगावै राजनीतिक दल दर्ताको प्रमाणपत्र लिइसक्नु पर्ने उल्लेख छ ।

निर्वाचन आयोगले फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन कार्यतालिका स्वीकृत गर्दै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने जनाएको छ ।

फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार हुने र तत्पश्चात् प्रचारप्रसार निषेधको अवधि रहनेछ । फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान हुने र दुबै निर्वाचन प्रणालीतर्फको मतपेटिका संकलन भएपछि मतगणना प्रारम्भ गरिने कार्यक्रम रहेको छ ।

समानुपातिक निर्वाचन प्रणालीका लागि मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने र पुस १८ र १९ गते बन्दसूची पेश गर्ने आयोगको कार्यक्रम छ ।

## वर्षा रोकिएसँगै सप्तकोशी नदीको वहाव घट्दो

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

अविरल वर्षा रोकिएसँगै सप्तकोशी नदीमा पानीको वहाव घटेको छ । कोसी ब्यारेजमा सोमबार बिहान ६ बजे गरिएको मापनअनुसार ४ लाख ३५ हजार ३०५ क्युसेकप्रति सेकेण्ड पानीको वहाव रहेको छ ।

आइतबारराति पानीको वहाव पाँच लाख ३३ हजार ५४० क्युसेकप्रति सकेण्ड थियो । रातिदेखि नै वर्षाकम भएसँगै सो नदीमा पानीको वहाव घट्दो क्रममा रहेको छ ।

हाल कोशी ब्यारेजको ५६ वटै ढोका खोलिएको छ । आइतबार विहान नदीमा पानीको वहाव उच्च भएपछि खतराको सङ्केतस्वरुप रातो बत्ती बालिएको थियो भने रातो भण्डासमेत फहराइएको थियो ।

**हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।**

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कार्य सम्पन्न गराउनेतर्फ ध्यान पुगोस्

लामो समयदेखी निर्माणाधीन रहेका सप्तरीका सडकहरुको काम सम्पन्न गराउनेतर्फ सरोकारवाला निकायको ध्यान पुग्न सकेको छैन्। नगरको सम्पूर्ण मुख्य सडकहरुको निर्माण काम सम्पन्न भएपनि वडास्थित सडकहरुको निर्माण कम्पनीको लापरवाही तथा सम्बन्धीत पालिकाको हेलचक्राइले ती सडकहरुको दुराव्यस्था छ। सडकसहित नालाको काम निर्माण सुरु भएको वर्षौं बितिसक्दा पनि अझै काम सम्पन्न हुन नसक्दा स्थानीयले सास्ती व्यहोर्नु परिररहेको छ। यसरी सडक निर्माण कार्यको नाममा झनै बिग्रिएको छ।

बाटोमा खाल्डोखुल्डो तथा नालाहरु खुल्ला रहेकोले दुर्घटना निम्तिन सक्ने सम्भावना बढ्दो छ। विभिन्न वडाका अधुरो, जिर्ण तथा नयाँ सडकको निर्माण कार्यले केही दिनदेखी तिब्रता पाएपनि पुनः सुस्त छ। जसमध्ये केही सडक निर्माण कार्यले तिब्रता पाएपनि अधिकांश सडकहरुको निर्माण कार्य बीचमै अडकिएको छ। ती सडकहरुको दशा पहिले भन्दा पनि झनै खराब भएको छ। मानिसहरुलाई हिडडुल गर्न समस्या भइरहेको छ भने सडक अहिले धुलोमय बनेको छ। हावाहुरीको यस महिनामा सडकको धुलो घरहरुमा प्रवेश गर्नुका साथै मानिसको स्वास्थ्यमा समेत प्रभाव पारिरहेको छ। सवारीसाधन गुडाउन समेत समस्या परेको छ। केही वडाहरुमा नाला निर्माण कार्य पनि रोकिएको छ। जसले गर्दा घरको पानी बाहिर बगिरहेको छ। यसले सडक फोहर र दुर्घन्धित बनेको छ।

तसर्थ यस्ता सडकहरुको निर्माणप्रति सरोकारवाला निकायले गम्भिरतापूवर्क प्राथमिकतामा राखेर अटेर गर्ने निर्माण कम्पनीलाई कालो सूचीमा राखेर कारवाही गर्नेतर्फ अग्रसर हुनु आवश्यक छ। यसका लागि सम्बन्धित पालिका, सरोकारवाला निकाय तथा स्थानीयवासीले पनि अग्रसरता देखाउनु उत्तिकै जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद् व्यवस्थापनको सारथी : पूर्वसूचना, प्रतिकार्य र पूर्वतयारी

**प्रगति ढकाल**

काठमाडौं, २० असोज (रासस)।

नेपालीहरूको महान् चाड दसैंको रमझम सकिनै बाँकी थियो। हजारौं सर्वसाधारणहरू दसैं मनाउन आफ्नै गाउँ फर्किएका थिए। निधारमा रातो टीका, जमरा लगाएर ओहोरदाहोर गर्ने क्रम जारी नै थियो। आफन्तको टीका थाप्न जानै बाँकी नै थियो होला।

यही चाडपर्वको उल्लासमय समयमा आएको एउटा सूचनाले आम सर्वसाधारणलाई झस्कायो। जल तथा मौसम विज्ञान विभागले असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी-पहिरोको समेत जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गऱ्यो। त्यसपछि अन्य अन्तरसरकारी निकायहरूले विभागको सूचनालाई अनुशरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोमबारसम्म कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन तीन दिनसम्म रोक्ने निर्णय गऱ्यो।

यस निर्णयले यसपटक बाढी-पहिरोका कारण सडक यात्रीहरूको ज्यान जान पाएन। भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री कुलमान घिसिङले सरकारको पूर्वतयारीका कारण भौतिक पूर्वाधारमा क्षति भए पनि विगतमा जस्तो सडकमा यात्रा गरिरहेका यात्रुहरूको धनजनको क्षति हुन नपाएको बताउनुभयो।

गत वर्षको असोजमा भ्याप्ले खोलामा आएको पहिरोका कारण यात्रुबाहक बस नै पुरिँदा ३५ भन्दा बढीको ज्यान गएको थियो। रातिको समयमा पहिरो खस्दा बुटवलबाट काठमाडौंका लागि छुटेको लु१ज ४५७८ नम्बरको माइक्रोबस, गोरखाबाट काठमाडौंका लागि हिँडेको ना४ख २२७० नम्बरको बस, चितवनबाट काठमाडौंका लागि हिँडेको बा३ज १३४५ नम्बरको माइक्रोबस पहिरोले पुरिएको थियो।

गत वर्ष पनि जल तथा मौसम विज्ञान विभागले अति भारी वर्षा हुने र सकेसम्म यात्रा गर्न नहुने भन्दै पूर्वसूचना जारी गरेर सचेत गराएको थियो। विभागको सूचनालाई अन्य सरकारी संयन्त्रले नै विश्वास गरेन। सूचनाको बेवास्ता गऱ्यो। न यात्रुहरूले पत्याए, न सवारीधनीहरूले सूचनाको विश्वास गरेर केही दिन सवारीसाधन बन्द गर्न सके। यस वर्षजस्तो न त कडाइका साथ सवारीसाधन आवागमनमा रोक लगाइयो। गत वर्ष सरकार विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वतयारीमा चुकेको सम्बन्धित विज्ञहरूले टिप्पणी गरेका थिए।

गत वर्षको असोज १०, ११ र १२ गतेको भारी वर्षाले काठमाडौं उपत्यकाको अधिकांश भाग डुबाउनमा परेको थियो। यहाँका बासिन्दाले नसोचेको विपद् बेहोर्नुपऱ्यो। काठमाडौं उपत्यकालगायत मुलुकका अधिकांश स्थानमा भारी वर्षाले ल्याएको विपद्ले अझै पनि कयौंलाई तर्साइरहेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार तीन दिनको अवधिमा दुई सय ५० जनाले ज्यान गुमाए। अठार जना अझै बेपत्ता छन् भने १७८ जना घाइते भएका छन्।

गत असार २८ गते पनि नारायणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत सिमलतालको सिन्दुरे खोल्सीमा आएको डेब्रिज बहावका कारण सडकमा गुडिरहेका दुईवटा यात्रुबाहक बस बगाएको अप्रिय घटना अझै नेपालीको मनमस्तिष्कमा नमीठो सम्झना बनेर रहेको छ। यस पटक सरकारको राम्रो पूर्वतयारीका कारण अप्रिय घटनाहरू हुन पाएन।

**पूर्वसूचनाको बेवास्ता गर्दा मानवीय क्षति**

जल तथा मौसम विज्ञान विभागले केही दिनअघि नै भारीदेखि अति भारी वर्षाका कारण बाढी-पहिरो जस्ता धनजनको क्षति हुनसक्ने भएकाले सतर्कता अपनाउन अनुरोध गर्दै आएको थियो। विभागले दिएको पूर्वसूचना बेवास्ता नगरेको भए लाइटाङमा पदयात्राका लागि निस्किएका भक्तपुरका चार जना बेपत्ता हुने थिएनन्।

पदयात्रा त पछि पनि जान सकिन्थ्यो नि। खतरा छ भन्ने सूचना आउँदा आउँदै त्यसरी घरबाट निस्किनु हुन्थेन। रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीका अनुसार गोसाइँकुण्ड गाउँपालिका-४ बेरिङ खोल्छामा आएको पानीले बगाउँदा भक्तपुर जिल्ला ठिमी नगरपालिका-३ का २५ वर्षीय संस्कृति श्रेष्ठ, २५ वर्षीय किसन श्रेष्ठ, २५ वर्षीय सङ्गीता श्रेष्ठ र भक्तपुर नगरपालिका-१० का २३ वर्षीय रवी श्रेष्ठ बेपत्ता छन्। यस्ता अप्रिय घटनाका उदाहरणले अब भने सबैलाई पाठ सिकाओस्।

**पहिरोको पनि पूर्वसूचना आवश्यक**

जल तथा मौसम विज्ञान विभागले बाढीको प्रभाव पर्ने सम्भावित क्षेत्रहरूमा पूर्वसूचना दिएर सर्वसाधारणहरूलाई सुरक्षित स्थानमा बस्न सहयोग गऱ्यो। तर बाढीको जस्तै पहिरोको पनि पूर्वसूचना प्रणालीको विकास नभएकै कारण पछिल्ला वर्षहरूमा पहिरोबाट हुने धनजनको क्षति बढ्दै गएको बताउनुहुन्छ, पहिरोविद् डा. सुवोध ढकाल।

इलामका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालका अनुसार पहिरोका कारण ३७ जनाको मृत्यु भएको छ। सूर्योदय नगरपालिका-१ मानेभञ्ज्याङमा पाँच, इलाम नगरपालिका-६ घोसमा छ जना, माङसेबुङ गाउँपालिका-१ मा तीन, देउमाई नगरपालिका-५ मा आठ, जोगमाई गाउँपालिकामा आठ, सन्दकपुर गाउँपालिकामा छ र फाकफोकथुम गाउँपालिकामा एक जनाको ज्यान गएको उहाँले जानकारी दिनुभयो।

पहिरोविद् ढकालले पहिरोको जोखिम न्यूनीकरण गर्न पहिरो जानसक्ने स्थानको पहिचान गरी बस्ती स्थानान्तरण गर्नुपर्ने, त्यस्ता स्थानमा नबस्न सूचना दिनुपर्ने, पहिरोको पूर्वसूचनामा राज्यको लगानी बढाउनुपर्ने, समयमा खोज तथा उद्दार कार्यलाई प्राथमिकता दिनुपर्ने, जथाभावी रूपमा खनिने सडक पूर्वाधार रोक्नुपर्ने, वातावरणमैत्री विकासमा जोड दिनुपर्ने, पहिरो रोकथामका लागि सरकारले लगानी बढाउनुपर्नेमा जोड दिनुभयो।

"नेपालजस्तो भौगोलिक मुलुकमा पहिरोको वर्षेनी जोखिम छ। कतिपय स्थानमा पुराना पहिरोमा बस्ती बसेका छन्। पुराना पहिरो दोहोरिएर जाने सम्भावना हुन्छ। तसर्थ, पहिरोको जोखिम भएको बस्ती तत्काल सुरक्षित स्थानमा सार्नुपर्छ," उहाँले भन्नुभयो, "सडक यातायात आवागमनमा रोक लगाएर अझ ठूलो क्षति हुन पाएन। दीर्घकालीन समाधानका लागि जोखिम भएका स्थानमा सुरुङ निर्माण गर्नुपर्छ। नेपालजस्तो मुलुकमा सुरुङमार्ग उचित विकल्प हो।"

प्राधिकरणको तथ्याङ्क अनुसार गतवर्षको वैशाख १ गतेदेखि चैत १२ गतेसम्मको तथ्याङ्क हेर्दा पहिरोका कारण तीन सय ५९ जनाले ज्यान गुमाए भने ४८ जना अझै पनि बेपत्ता र दुई सय ८७ जना घाइते भएका छन्। सो अवधिमा तीन हजार छ सय ९२ घर आंशिक र दुई हजार १३ घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। पहिरोका कारण ४० पुलमा क्षति पुगेको छ।

त्यसैगरी, बाढीका कारण ९७ जनाको मृत्यु भएको छ भने १८ जना बेपत्ता र ४८ जना घाइते भएका छन्। भारी वर्षाका कारण आठ जनाले ज्यान गुमाएका छन् भने ३८ जना घाइते भएका छन्। हावाहुरीका कारण सात जनाको मृत्यु र ४२ जना घाइते भएका छन्। हिउँपहिरोका कारण एक जना बेपत्ता भएका छन्। पहिरोको पूर्वसूचना नभएकै कारण क्षति बढी भएको प्राधिकरणको भनाइ छ।

**विगतको घटनाबाट पाठ सिकेर अघि बढेका छौँ : प्राधिकरण**

गत वर्षको असोजमा मुलुकले बाढी, पहिरो र डुबानको अप्रिय घटना सामना गर्नुपऱ्यो। राजधानीकै जनताको समयमा उद्धार हुन सकेन। पूर्वसूचना प्राप्त भए पनि अन्तरसरकारी निकायबीचको समन्वयको अभाव देखियो। पूर्वतयारी पर्याप्त थिएन। त्यसबेला सरकारले आलोचना समेत खेप्नुपरेको थियो।

उक्त घटनाबाट पाठ सिक्दै यसवर्ष मनसुन सुरु हुनुअघि नै पूर्वतयारी र प्रतिकार्यका लागि अगाडि बढेको बताउनुहुन्छ, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्ट। "विगतमा पूर्वतयारी राम्रो नहुनु भनेकै हाम्रा लागि पाठ थियो। गतवर्ष किन सकिएन ? कसरी काम गर्न सकिन्थ्यो ? समीक्षा गरेर यो वर्ष हामीले प्रतिकार्य कार्ययोजना बनाएका थियौँ, जहाँ विगतका कमजोरीहरूलाई केलाएका थियौँ," उहाँले भन्नुभयो, "गत असोज १०, ११ र १२ गतेको भारी वर्षाका कारण सबैभन्दा बढी क्षति पुगेको थियो। कार्ययोजनाको एउटा अध्याय नै असोजको सिकाइ के रह्यो भनेर समीक्षा गरिएको छ।" यसवर्ष अन्तरसरकारी निकाय तथा अन्य सरोकारवाला सङ्घसंस्थाबीचको राम्रो समन्वयका कारण विपद् व्यवस्थापन सहज भएको भट्टको भनाइ छ।

**विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन यस्तो थियो प्राधिकरणको तयारी**

प्राधिकरणका कार्यकारी समिति अध्यक्ष समेत रहनुभएका गृहमन्त्री ओमप्रकाश अर्यालले देशको परिस्थितिमा परिवर्तन आएको, देशको राष्ट्रिय सुरक्षा समेत संवेदनशील रहेको सन्दर्भमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाई नागरिक सम्बन्ध उच्च बनाउनुपर्ने निर्देशन दिनुभयो। सम्भावित विपद्लाई मध्यनजर गर्दै गृहमन्त्री अर्यालको संयोजकत्वमा गृहसचिव रामेश्वर, गृह मन्त्रालय एवं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अधिकारीहरू, चारै सुरक्षा निकायका प्रमुख एवं विपद् 'फोकल पर्सन', ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका सदस्यहरूलाई 'भर्चुअल' बैठकमा बोलाई तयारी अवस्थामा रहन निर्देशन दिनुभयो।

प्राधिकरणले एकद्वार नीति अनुसार पूर्वतयारी, खोज तथा उद्धार सम्बद्ध कार्यमा जोड दिएको थियो। केन्द्र र जिल्लामा मनसुन प्रतिकार्य कमाण्ड पोस्टहरू सक्रिय बनाई सम्भावित विपद् व्यवस्थापन गर्न निर्देशन जारी गरिएको थियो। मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ अनुसार जिम्मेवार सबै निकाय क्रियाशील हुन निर्देशन दिइएको थियो। जोखिमपूर्ण क्षेत्रमा सबै किसिमका सवारी साधन सञ्चालनमा रोक लगाउन जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिइयो। त्यसैगरी, सर्वसाधारणलगायत सबैलाई असोज १७ देखि २० गतेसम्म अत्यावश्यक कामबाहेक यात्रामा ननिस्कन सावधान गराउने, खोज तथा उद्धारका लागि सबै सुरक्षा निकाय, स्वयंसेवकलगायतका संयन्त्रहरू तयारी अवस्थामा राख्ने निर्णय भयो।

राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र र जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र चौबीसै घण्टा पूर्णरूपमा क्रियाशील राखी आपत्कालीन गोदामघरहरू तत्काल प्रयोगमा आउन सक्ने गरी तयारी अवस्थामा राखियो। प्राधिकरणले सम्भावित विपद्लाई ध्यानमा राखेर हेलिकोप्टर, ड्रोन, डुङ्गासम्बन्धी संघ-संस्था तथा निजी क्षेत्रसँग समझदारी बढायो।

**६५ लाखभन्दा बढी निःशुल्क बाढी पूर्वसूचनासम्बन्धी एसएमएस**

जल तथा मौसम विज्ञान विभागले बाढीबाट हुनसक्ने सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि गत शनिबार र आइतबार दुई दिनको अवधिमा करिब ६५ लाख १६ हजार बढी पूर्वसूचना प्रवाह गर्दै प्रभावित क्षेत्रका सर्वसाधारण तथा सरोकारवाला निकायलाई मोबाइल एसएमएस पठाएको बताउनुहुन्छ विभागका बाढीविद् बिनोद पराजुली।

"दुई दिनको अवधिमा नेपाल टेलिकम र एनसेलमार्फत करिब ६५ लाख १६ हजार एसएमएस प्रवाह गरिएको छ," उहाँले भन्नुभयो, "बाढीको पूर्वसूचनाका

*बाँकी तीन पृष्ठमा*

# आत्मजागरणका लागि एकताको खाँचो

**डा राम कृष्ण तिमल्सेना**

काठमाडौँ, २० असोज (रासस)।

नेपाल सोमबार राजनीतिक रूपमा स्वतन्त्र छ तर व्यवहारमा र आत्मामा अझै दास छ। हामीले झण्डा र हात त उठायौँ, तर चेतना उठाउन सकेनौँ। देशको नाम लियौँ तर हृदयमा राष्ट्रको स्वरुप र नक्सा राख्न सकेनौँ। सङ्कटको घडीमा हामी प्राय: अरूलाई दोष दिन्छौँ -कहिले भारत, कहिले चीन, कहिले अमेरिका। तर सत्य के हो भने नेपाललाई कसैले हराइरहेको छैन; नेपाल आफैँ आफ्नै कमजोरीबाट हराइरहेको छ। राष्ट्र निर्माण बाह्य शक्तिले होइन, हरेक नागरिकको जागरूक चेतनाले सम्भव हुन्छ। तल उल्लिखित केही विषयले यो अवस्था सिर्जना गराउन सक्नेछ :

**आफैँबाट सुरु हुने शासन** : अर्कालाई दोष दिन सजिलो छ, किनकि यसले हामीलाई आफ्ना कमजोरीको सामना नगरी जोगाउँछ। दोष दिने संस्कृतिले हामीलाई आलोचक बनायो तर सर्जक बनाएको छैन। सङ्कटको घडीमा हामीले आफैँसँग सोध्नु पर्छ-"मैले के गरेँ ?" नेताको प्रतीक्षा गरिरहेका छौँ तर नेता जन्माउने समाजको भूमिका बिर्सिएका छौँ। संविधान र नीति बनाइयो तर अनुशासन र चेतनाको निर्माण नगरी मात्र नारा घन्कायौँ। यही कमजोरी नै हाम्रो अस्थिरता र राजनीतिक असफलताको मूल कारण हो।

भगवद्गीताले भन्छ- "उद्धरेदात्मनाऽत्मानं," अर्थात् मानिसले आफैँलाई आफैँले उठाउनुपर्छ। नेपालको मुक्ति यही वचनमा निहित छ। बाह्य सहयोग वा सल्लाहले राष्ट्र बच्दैन; नेपालीको आत्मा जागृत हुनुपर्छ। जब किसानले आफ्नो खेत इमानदारीपूर्वक जोत्छ, शिक्षकले निष्ठापूर्वक पढाउँछ, न्यायाधीशले सत्य बोल्न डराउँदैन, युवाले राष्ट्रभन्दा माथि पार्टीको स्वार्थ राख्दैन, त्यही दिन नेपाल जाग्नेछ। आन्तरिक आत्म अनुशासनका क्षणमा मात्र देश र शासन स्थायी हुन सक्छ।

**रणनीति र विवेक** : नेपाल दुई विशाल देश बीच अवस्थित छ। यसको भौगोलिक स्थिति संवेदनशील छ, तर त्यही संवेदनशीलता अवसरमा बदल्न सकिन्छ। विदेशी शक्तिहरू स्वभावत: आफ्नो स्वार्थ हेर्छन्; त्यसमा दोष छैन। तर हाम्रो कमजोरी भनेको भविष्यको दृष्टिकोण, रणनीति र निर्णय क्षमतामा छ। यदि हामी भावनात्मक प्रतिक्रियाभन्दा बुद्धिमतापूर्वक योजना बनायौँ भने कुनै पनि बाह्य दबाबले हाम्रो अस्तित्वलाई खतरा पुऱ्याउन सक्दैन। राष्ट्रको सुरक्षा रणनीति केवल प्रतिरोध होइन, पूर्वदृष्टि र विवेकपूर्ण निर्णयमा आधारित हुनुपर्छ।

**सिंहदरबारभन्दा बाहिर जन्मिने शासन** : नेपालको शासन सिंहदरबारमा मात्र जन्मदैन, प्रत्येक घर र हृदयमा जन्मिन्छ। जब नागरिक आफ्ना दायित्वमा सत्य र निष्ठापूर्वक लागि पर्छन्, तब राष्ट्रको शासन स्वयम् पवित्र र बलियो हुन्छ। दोषको संस्कृतिले विभाजन ल्याउँछ भने योगदान र उत्तरदायित्वको संस्कृतिले एकता ल्याउँछ। अब समय आएको छ, अरूलाई दोष दिने संस्कृतिलाई छोडेर आफैँ सुधार्ने, आफ्ना जिम्मेवारीलाई आत्मसाथ गर्ने संस्कृतिको विकास गर्नुपर्ने छ। राष्ट्रको पुनर्जागरण दोषबाट होइन, दायित्व र योगदानबाट हुन्छ।

**नेतृत्व र युवा शक्ति** : राजनीतिक नेतृत्वका दृष्टिले पनि अब समय आएको छ। शीर्ष तहका नेता र वरिष्ठ राजनीतिक दलका सदस्यहरूले सक्रिय राजनीतिबाट पछि हटेर सलाहकारको भूमिका निर्वाह गर्नु आवश्यक छ। युवा नेतृत्वलाई अगाडि आउन प्रोत्साहित गरिनुपर्छ, ताकि उनीहरूले देशका चुनौतीहरू नयाँ दृष्टिकोण र उत्साहका साथ समाधान गर्न सकून्। अनुभवको मार्गदर्शन र युवाको जोससँगै रहेमा मात्र नेपालले स्थिर, प्रगतिशील र सुसंगठित राष्ट्र बन्न सक्छ।

**अभिभावक र सन्तान** : यस यात्रामा अभिभावकहरूको भूमिका अतुलनीय छ। आफ्ना सन्तानलाई दोष दिने संस्कृति र आलस्यको बाटो होइन, जिम्मेवारी र सक्रियताको पाठ सिकाउनु पर्दछ। अभिभावकले स्वयं पनि उत्पादक र जिम्मेवार नागरिक बन्नुपर्छ, ताकि आफ्नो उदाहरणबाट सन्तानमा सकारात्मक संस्कार विकसित होस्। जेनरेशन जेडले अब पर्खाइ नगरी सक्रिय भूमिका लिनुपर्छ, सोच मात्र होइन, कार्यमा अग्रसर हुनुपर्छ। युवाहरूले चेतना र साहसका साथ अगाडि बढे मात्र राष्ट्र उज्यालो हुनेछ।

**यस्तो हुन सक्छ उज्यालोको मार्ग** : नेपाललाई अरु कसैले बाह्य शक्तिबाट बचाउन सक्दैन। यो शक्ति नेपालीको हृदयमा छ। नेपालीको मन र कर्ममा हुनु पर्दछ। हामीले आफैँलाई उठाउनु पर्छ, आफ्नो कमजोरी स्वीकार्नु पर्छ, आफ्नो बलमा विश्वास गर्नुपर्छ। अँध्यारोलाई दोष नदिनुहोस्, आफ्नै दियो बाल्नुहोस्। देश उज्यालो हुन्छ, जब हरेक नेपालीको मन उज्यालो हुन्छ। नेपालको मुक्ति नयाँ प्रणालीमा होइन, पुरानो आत्माको पुनर्जागरणमा छ। यही जागरणको क्षणमा नेपाल फेरि हिमालजस्तै दृढ, गङ्गाजस्तै पवित्र, र जनकजस्तै विवेकी हुनेछ। हरेक नेपालीले नेपाललाइ मन बचन र कर्मबाट बचाउनेछ। यदि नेपालीहरू अरुको दोष देख्न होइन, आफ्नो क्षमता र उत्तरदायित्व सम्झन सक्ने भए भने उनीहरू राष्ट्रदीप बन्न सक्छन्। एकपटक राष्ट्रले सबैको सामूहिक प्रयत्न मागेको छ। अर्को पक्ष कर्म र धर्मको समायोजन हो। देश उठाउन र जगाउन कर्मलाइ पुजा बनाउन पर्छ।

**कर्म नै पूजा** : मानव जीवनको सार कर्ममा निहित छ, र कर्मको दिशा धर्मले निर्धारण गर्छ। धर्मबिना कर्म अन्धो हुन्छ, कर्म बिना धर्म निष्प्रभावी हुन्छ। यी दुई जब सन्तुलित हुन्छन्, तब जीवनमा शान्ति, शासनमा न्याय, र समाजमा स्थिरता बस्छ। नेपालको वर्तमान अवस्था हेर्दा देखिन्छ कि हामी धर्मको नाममा निष्क्रिय र कर्मको नाममा अविवेकी भयौँ। कोही कर्म गर्छ तर उद्देश्य स्वार्थ हो, कोही धर्मका कुरा गर्छ तर व्यवहारमा कपट छ। यही असन्तुलनले नै देशमा अव्यवस्था जन्माउँछ। कर्म र धर्मको समायोजन भनेको यही असन्तुलनलाई सन्तुलनमा रूपान्तरण गर्ने आन्तरिक साधना हो।

**कर्म: समाजको गतिशील शक्ति** : कर्म भनेको केवल काम होइन, चेतनासहितको प्रयत्न हो। श्रम, सेवा, सिर्जन- यी सबै कर्मका रूप हुन्। जब व्यक्ति आफ्नो कामलाई कर्तव्यका रूपमा गर्छ, त्यो नै सच्चा कर्म हो। नेपालको पुनर्जागरण कर्मको पुनर्व्याख्याबाट सुरु हुनुपर्छ। सरकारी कर्मचारीले आफ्नो कामलाई बोझ होइन, राष्ट्रसेवा मान्न सक्नु पर्दछ; किसानले माटोलाई पूजा ठान्नु पर्दछ; शिक्षकले पढाउने कामलाई आत्मअर्पणको अभ्यास बनाउनु पर्दछ; युवाले आफ्नो श्रमलाई राष्ट्र निर्माणको जिम्मेवारी ठान्नु जरुरी छ; त्यो क्षणमा नेपाल पुन: जीवित हुनेछ। कर्मले मात्रै शासन चल्दैन, तर शासनको आत्मा जाग्रत हुन्छ। कर्म नै शासनको मेरुदण्ड हो।

**धर्म: विवेकको दिशा** : धर्म भनेको धर्मग्रन्थको अनुकरण होइन, विवेकको अभ्यास हो। धर्मले कर्मलाई दिशा दिन्छ, ताकि शक्ति असंयममा नजाओस्। भगवद्गीताले भन्छ-"स्वधर्मे निधनं श्रेय:, परधर्मो भयावह:।" अर्थात् आफ्नो धर्ममा स्थिर रहनु नै श्रेष्ठ हो। आफ्नो धर्म भन्नाले आफ्नो कर्तव्य, आफ्नो सत्य, आफ्नो दायित्व हो। जब मानिस आफ्नो स्वधर्ममा अडिग रहन्छ, कर्म स्वत: पवित्र हुन्छ। नेपालमा धर्मको अर्थलाई सङ्कुचित गरेर मात्र धार्मिक अनुष्ठानमा सीमित गरियो। धर्म वास्तवमा जीवनको नीति हो, कर्मको दिशा हो। यदि शासन धर्ममा आधारित हुन्छ भने त्यसले न्याय ल्याउँछ; यदि केवल शक्ति र स्वार्थमा आधारित हुन्छ भने त्यसले अन्याय जन्माउँछ।

**कर्म र धर्मको असन्तुलनको परिणाम** : जब कर्म धर्मविहीन हुन्छ, तब दुराचरण जन्मन्छ; जब धर्म कर्मविहीन हुन्छ, तब ढोंग जन्मन्छ। आजको समाज यही दुई चरमबीच फसेको छ। कोही कर्म गरिरहेका छन् तर विवेक हराएका छन्; कोही धर्मको कुरा गर्छन् तर केही गर्दैनन्। नेपालमा धर्म र कर्मको सम्बन्ध पुनर्स्थापना नगरी सुशासन सम्भव छैन। धर्मले नीतिलाई शुद्ध बनाउँछ, कर्मले त्यसलाई कार्यान्वयन गर्छ।

**कर्मयोग र शासन** : शासनको आधार पनि यही कर्मयोगमा निहित छ। कर्मयोगी नेता, कर्मचारी, वा नागरिकले आफ्नो कर्तव्यलाई आत्मिक रूपमा बुझ्छ। उसले शक्ति होइन, सेवा खोज्छ। श्रीकृष्णले अर्जुनलाई युद्ध गर्न भने तर घृणाले होइन, धर्मले प्रेरित भएर। यही सन्देश शासनका लागि पनि सान्दर्भिक छ। न्यायका लागि कार्य गर्नुपर्छ, व्यक्तिगत प्रतिशोधका लागि होइन।

नेपालमा यदि नेतृत्व कर्मयोगमा आधारित भयो भने, त्यसले सत्ता होइन, सेवा निर्माण गर्छ। अनि शासन केवल व्यवस्थापन होइन, मूल्य संस्कारमा टेकेको प्रणाली बन्छ। कर्म र धर्मको एकीकृत चेतना साँचो नागरिक चेतना तब जाग्छ जब कर्म धर्ममा र धर्म कर्म मा मिसिन्छ। यदि नागरिकले आफ्नो कामलाई पूजा ठान्छ भने भ्रष्टाचार हराउँछ; यदि नेता आफ्नो जिम्मेवारीलाई साधना ठान्छ भने राज्य बलियो हुन्छ। कर्म र धर्मको समायोजन भनेको 'कार्य नै प्राथना' र 'सेवा नै साधना' बन्ने चेतना हो। जब हरेक नागरिकले आफ्नो कामलाई सेवा ठान्छ, त्यो राष्ट्रमा नैतिक शासन जन्मिन्छ।

**पारिवारिक र सामाजिक शिक्षाको भूमिका** : कर्म र धर्मको संस्कार बाल्यकालमै सुरु हुनुपर्छ। अभिभावकले सन्तानलाई केबल परीक्षा पास गर्न होइन, कर्ममा निष्ठा र धर्ममा विश्वास राख्न सिकाउनु पर्छ। विद्यालयले ज्ञान मात्र होइन, मूल्यको शिक्षा दिनुपर्छ। जब समाजले नैतिकता र श्रमलाई बराबर सम्मान दिन थाल्छ, तब कर्म र धर्मको एकता स्थायी बन्छ। अन्तत: कर्ममै धर्मको तेज हो। कर्म धर्मको प्रत्यक्ष रूप हो, धर्म कर्मको आत्मा हो। दुबैको मेलले जीवन र राष्ट्र दुवैमा उज्यालो ल्याउँछ। नेपालमा शासन, समाज, र व्यक्ति- तीनै तहमा यही समायोजनको आवश्यकता छ। जब शासन धर्ममा, नागरिक कर्ममा, र समाज चेतनामा बलियो हुन्छ, तब नेपाल पुन: विवेक, न्याय र करुणाको प्रतीक राष्ट्र बन्छ। नेपाल बाँच्नेछ, उठ्नेछ र स्वाबलम्बी बन्नेछ जब कर्म र धर्म दुबै एउटै दिशामा बग्नेछ, जब काम सेवा बन्नेछ र सेवा नै पूजा बन्नेछ। सन्तान जिम्मेबार र चेतनशील बन्नेछन् र अभिभावक देशको निकासमा तल्लीन हुनेछन्।

(लेखक नेशनल ल कजेजका संस्थापक प्राध्यापक हुनुहुन्छ)

## *विपद् व्यवस्थापनको ...*

आधारमा सर्वसाधारणले समयमा नै सुरक्षित स्थानमा बस्न पाउनुभयो। पछिल्ला वर्षहरूमा पूर्वसूचनाको प्रभावकै कारण बस्तीमा बाढीबाट मानवीय क्षति कम हुन थालेको छ। अझै पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक छ।"

**विज्ञ भन्छन् : यसपटक सरकारको विपद्जन्य पूर्वतयारी राम्रो देखियो**

विपद् व्यवस्थापनविद्हरूले यसपटक मनसुनजन्य विपद्बाट हुने क्षति न्यूनीकरणमा सरकारले गरेको पूर्वतयारीका कार्य राम्रो देखिएको बताएका छन्। विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले विपद्का समयमा हुने धनजनको क्षति न्यूनीकरणका लागि सरकारले थालेको तयारी र पूर्वसूचना सम्प्रेषण विगतको तुलनामा यसपटक राम्रो देखिएको भन्दै प्रशंसा गर्नुभयो।

"गत वर्ष पनि मौसमविद्हरूले ठूलो वर्षा हुने र बाढी-पहिरोको जोखिम रहने पूर्वानुमान गरेकै थिए। तर यातायात मात्रै सञ्चालन हुन नदिएको भए त्यति धेरै क्षति हुन पाउँदैनथ्यो," उहाँले भन्नुभयो, "यसपटक यातायात बन्द गरेर राम्रो भएको छ। आगामी दिनमा पनि यसरी नै आवश्यक पूर्वतयारीका लागि सम्बन्धित सरकारी निकायबीच समन्वय बढाउन आवश्यक छ।

डिपिनेटका अध्यक्ष डा राजु थापाले सम्भावित विपद्लाई ध्यानमा राखेर सरकारले विभिन्न सङ्घसंस्था तथा निजी क्षेत्रसँग सहकार्यमा पूर्वतयारी एवं उद्धार कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गरेको बताउँदै आगामी दिनमा पनि सामूहिक प्रयासबाटै यस्ता विपद्हरूबाट सुरक्षित हुन सकिनेछ भन्नुभयो। यसैगरी सर्वसाधारणले पनि सरकारले दिएको निर्देशन पालना गरेर सुरक्षित रहन सकेमा भविष्यमा यस्ता विपद्बाट हुनसक्ने सम्भावित धनजनको क्षति कम गर्न सकिने उहाँको तर्क छ।"

## विश्व समाचार

### भारतको पश्चिम बङ्गालमा भारी वर्षाका कारण २४ जनाको मृत्यु

नयाँदिल्ली, २० असोज (रासस/सिन्ह्वा)।

पूर्वी भारतीय राज्य पश्चिम बङ्गालमा निरन्तरको बर्षाका कारण आएको पहिरोमा परी कम्तीमा २४ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको अधिकारीहरूले सोमबार बताएका छन्।

पश्चिम बङ्गालको राजधानी कोलकाताबाट करिब ६२६ किलोमिटर उत्तरमा रहेको दार्जिलिङ सहरमा आइतबार पहिरो जादा घरहरू बगाएको थियो भने सडकहरू काटान हुनुका साथै गाउँहरू तहस नहस भएको जनाइएको छ।

प्रकोपले व्यापक विनाश गर्नुका साथै हिमालयको फेदमा रहेको बस्तीका सयौं बासिन्दाका साथै पर्यटकहरू प्रभावित भएको जनाइएको छ। प्रकोपका कारण सुचना तथा सञ्चार सञ्जालहरु पनि बन्द भएको अधिकारीहरूले जनाएका छन्।

अधिकारीहरुका अनुसार दार्जिलिङमा आइतबार राति भारी बर्षा हुँदा मिरिक र सुखिया पोखरीसहित धेरै क्षेत्रमा पहिरो गएकाले प्रहरी तथा बिपद् व्यवस्थापन अधिकारीहरूले उद्धार अभियान सुरु गरेका थिए।

पहिरोले सिक्किमलाई जोड्ने सडक र दार्जिलिङ र सिलिगुडीलाई जोड्ने सडकसहित प्रमुख मार्गहरूमा सडक अवरोध निम्त्याएको छ। अधिकारीहरूले कुनै पनि अप्रिय घटना हुन नदिन टाइगर हिल र रक गार्डेनसहित दार्जिलिङका पर्यटकीय स्थलहरू बन्द गरेका छन्। प्रभावित क्षेत्रका बासिन्दा तथा पर्यटकहरूलाई सावधान रहन र सडक तथा मौसमको अवस्थाबारे जानकार रहन आग्रह गरिएको छ।

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आइतबार साँझ आपतकालीन बैठक बोलाइ सोमबार प्रभावित क्षेत्रहरूको भ्रमण गर्ने घोषणा गर्नु भएको छस्।

"अवस्था गम्भीर रहेको उल्लेख गर्दै भुटानमा भएको निरन्तर वर्षाका कारण उत्तर बङ्गालमा पानी भरिएको जनाइएको छ। प्राकृतिक प्रकोपहरू नियन्त्रण भन्दा बाहिर भएको बताउदै ब्यानर्जीले १२ घण्टामा ३०० मिलिमिटर भन्दा बढी वर्षा रेकर्ड गरिएको र बर्षाले कम्तिमा सातवटा स्थानमा पहिरो र बाढी निम्त्यायोएको जनाएका छन्।

भारी वर्षाले उत्तर बङ्गालका अन्य क्षेत्रहरू जस्तै जलपाईगुडी, सिलिगुडी र कुचबिहारलाई पनि असर गर्दा धेरै क्षेत्रहरूमा जलमग्न भएको छ।

टेलिभिजन तस्बिरहरूमा नदीहरू भरिएको, क्षतिग्रस्त पुलहरू र बगाएका सडकहरू देखाइएको छ। भारतीय मौसम बिभागले सोमबार सम्म दार्जिलिङ र कालिम्पोङसहित उप-हिमालयी पश्चिम बङ्गालमा भारी बर्षाको चेताबनी जारी गरेको छ। कुचबिहार र जलपाईगुडीका लागि रातो चेताबनी र दार्जिलिङ जिल्लाका लागि सुन्तला चेतावनी जारी गरिएको छ।

### गाजामा युद्धविराम वार्तामा द्रुत प्रगति भइरहेको अमेरिकी राष्ट्रपति ट्रम्पको भनाइ

वासिङ्टन, २० असोज (रासस/क्यूएनए)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजा पट्टीमा युद्धको अन्त्य गर्न र कैदीहरूको रिहाइ गर्न संयुक्त राज्य अमेरिका र प्यालेस्टिनी इस्लामिक समुह (हमास) बीच चलिरहेको बार्तामा द्रुत प्रगति भइरहेको बताउनु भएको छ।

सामाजिक सञ्जालमा पोस्ट गर्दै ट्रम्पले वार्ता सफल भई रहेको र अपेक्षाकृत रुपमा अगाडि बढेको बताउनु भएको छ। सम्झौतालाई अन्तिम रूप दिन प्राविधिक टोलीहरू सोमबमार इजिप्टमा पुन: भेट्ने अपेक्षा गरिएको छ।

सम्झौताको पहिलो चरण यसै हप्ता सुरु हुने उल्लेख गर्दै उहाँले सबै पक्षलाई दु:खको अन्त्य गर्न र शान्ति प्राप्त गर्न द्रुत गतिमा अघि बढ्न आग्रह गर्नु भएको छ।

अमेरिकी राष्ट्रपतिले ट्रम्पले हमासको प्रतिक्रियालाई स्वागत गर्दै, अमेरिकाले इजरायल र हमास बीचको सम्झौताले इजरायलका लागि ठूलो सम्झौताको प्रतिनिधित्व गर्ने जनाउनु भएको छ। जसमा २०- बुधे अमेरिकी प्रस्तावका प्रमुख प्रावधानहरूको स्वीकृति समावेश छ।

यस योजनामा शत्रुता अन्त्य गर्ने, गाजा पट्टीबाट इजरायली सेना फिर्ता गर्ने र प्यालेस्टिनी कैदीहरूको बदलामा इजरायली बन्धकहरूको रिहाइ समावेश छ।

द्वन्द्व अन्त्य गर्ने र यस क्षेत्रमा स्थिरता पुनर्स्थापना गर्ने आफ्नो योजना रहेकोमा ट्रम्पले जोड बताउनु भएको छ। यद्यपि, उहाँले हामासले शक्ति त्याग्न र गाजा पट्टीको नियन्त्रण हस्तान्तरण गर्न अस्वीकार गर्‍यो भने उसले पूर्ण रूपमा उन्मूलनको सामना गर्नु पर्ने चेतावनी दिनु भएको छ।

कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाको नेतृत्वमा गाजामा चलिरहेको युद्धको अन्त्य गर्ने, पुन: निर्माणको लागि मार्ग प्रशस्त गर्ने र पट्टीमा स्थायी मानवीय र राजनीतिक स्थिरता स्थापना गर्ने विस्तृत सम्झौतामा पुग्न क्षेत्रीय र अन्तर्राष्ट्रिय कूटनीतिक प्रयास पछि वार्ता प्रत्रिया अघि बढेको जनाइएको छ।

# जेनजी आन्दोलनका ३० घाइते अझै अस्पतालमा

काठमाडौँ, २० असोज (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशका विभिन्न अस्पतालबाट लिएको पछिल्लो विवरणअनुसार जेनजी आन्दोलनका क्रममा घाइते भएका ३० जनाको उपचार भइरहेको छ।

सिभिल अस्पतालमा एक जना, राष्ट्रिय ट्रमा सेन्टरमा १० जना, काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पतालमा तीन जना, त्रिवि शिक्षण अस्पतालमा पाँच जना, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तीन जना, नेपाल प्रहरी अस्पतालमा एक जना र कीर्तिपुर अस्पतालमा एक जना उपचाररत छन्। यसैगरी बी एन्ड बी अस्पतालमा तीन जना, विराट मेडिकल शिक्षण अस्पतालमा एक जना, नोबेल मेडिकल कलेज शिक्षण अस्पतालमा एक जना र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक जना गरी कुल ३० जना उपचाररत रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

स्वास्थ्य मन्त्रालयले विभिन्न स्वास्थ्य संस्था तथा प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग सम्पर्क एवं समन्वय गर्दा प्राप्त पछिल्लो विवरण सार्वजनिक गरेको हो।

मन्त्रालयले सार्वजनिक गरेको जानकारीअनुसार उपचारका लागि आएका घाइतेहरूको सङ्ख्या दुई हजार ३१६ रहेको छ जसमा उपचारपश्चात् दुई हजार २३८ जना 'डिस्चार्ज' भइसकेका छन्।

त्यसैगरी अस्पतालमा आएका/मृत्यु भएका कुल सङ्ख्या ४९ रहेको छ। अस्पतालहरूमा २०८२ असोज १२ गतेदेखि हालसम्म जेनजी क्लिनिकमार्फत सेवा प्राप्त गरेका घाइतेहरूको सङ्ख्या भने नौ जना रहेको छ।

# प्रकोपमा पानीजन्य रोगहरूबाट सुरक्षित रहन विज्ञको आग्रह

काठमाडौँ, २० असोज (रासस)। अविरल वर्षाका कारण हाल देशका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानले जनधनको व्यापक क्षति पुऱ्याएको छ। वर्षापछिको प्रकोपबाट प्रभावित मानिसको दैनिक जीवनयापन अस्तव्यस्त हुनपुगेको छ। प्रकोपका समयमा पानीजन्य रोगहरू फैलिने सक्ने भएकाले सावधानीहरू अपनाउन विज्ञहरूले आमसर्वसाधरणसँग आग्रह गरेका छन्।

विशेषज्ञहरूका अनुसार, वर्षायाममा सुरक्षित खानेपानी र सरसफाइका उपाय नअपनाउँदा पानीजन्य रोगको जोखिम बढी रहन्छ। विशेषगरी झाडापखाला, हैजा, आउँ, निमोनिया, रुघा-खोकी, टाइफाइड तथा अन्य सङ्क्रमणजन्य रोगका कारण जनधनको क्षति हुनसक्छ। यी रोगहरूबाट बच्न पानी उमालेर वा 'क्लोरिन' प्रयोग गरी शुद्धीकरण गरेर मात्र प्रयोग गर्नुपर्ने विज्ञको सुझाव छ।

विपद्को समयमा खानेपानी तथा सरसफाइमा विशेष ध्यान दिनुपर्ने बताउनुहुन्छ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सूचना अधिकारी डा भक्तबहादुर केसी। उहाँका अनुसार कुनै पनि प्रकोप, विशेषगरी बाढी-पहिरोपछि खानेपानी प्रणालीमा समस्या आउनसक्छ र यस्तो अवस्थामा खानेपानीको स्रोतमा ढल मिसिने सम्भावना रहन्छ, जसले फोहोर पानी सेवनका कारण झाडापखाला, हैजाजस्ता पानीजन्य रोग फैलिन सक्छ। "पिउने र खाना पकाउने पानी सफा र पिउनयोग्य छ कि छैन भन्ने सुनिश्चित गर्न आवश्यक छ। पानी उमालेर वा क्लोरिन झोल/ट्याबलेटको प्रयोग गरेर मात्र पिउनु उचित हुन्छ," उहाँले भन्नुभयो।

विज्ञका अनुसार शुद्धीकरण गरेको पानी सधैँ सफा भाँडामा छोपेर राख्ने, सडेगलेका, बासी र झिँगा भन्केका खानेकुरा नखाने, काँक्रो, गाजर, फलफूलजस्ता काँचै खान मिल्ने खानेकुरा सधैँ सफा पानीले धोएर मात्र खाने गर्नुपर्छ। यसैगरी खाना पकाउनु, खाना खानु र बच्चालाई खाना खुवाउनुअघि, फोहोर छोएपछि, दिसापिसाब गरेपछि, चर्पीको प्रयोग गरेपछि तथा बच्चाको दिसा धोएपछि सधैँ साबुनपानीले मिचीमिची हात धुनुपर्छ।

डा केसीका अनुसार बाढी तथा झाडापखालाबाट प्रभावित क्षेत्रमा अहिले क्लोरिन झोल र ट्याबलेट वितरण भइरहेको छ। "यदि पखालाजन्य रोग लागेको खण्डमा झोलिलो खानेकुरा प्रशस्त खाने र घरमै जीवनजल बनाएर सेवन गर्नुपर्छ। समस्या जटिल हुने अवस्था देखिएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त उपचारका लागि जानुपर्छ," उहाँले सुझाउनुभयो।

उहाँले बाढी, पहिरोका कारण जनधनको अकल्पनीय एवं अपुरणीय क्षति भएको विद्यमान अवस्थामा सरकारले प्रभावित क्षेत्रमा जीवनजल, क्लोरिन ट्याबलेट र आवश्यक औषधिको व्यवस्थापनसहित सबै स्वास्थ्य संस्थाहरूलाई 'हाइ अलर्ट' मा रहन निर्णय गरेको जानकारी गराउनुभयो।

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी केसीले देशको विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गरी आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीसहित स्वास्थ्यकर्मीहरू कार्यक्षेत्रमा जुटिसकेकाले प्रभावित व्यक्ति तथा परिवारलाई सहजरूपमा स्वास्थ्य उपचार गराउने सरकारको नीति तथा कार्यक्रमलाई सहयोग गरिदिन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो।

### *सात बुँदे राजविराज ...*

संविधान र कानुनले दिएको मौलिक अधिकार र सामाजिक न्यायका आधारमा देव जातीको सम्मानित पहिचान स्थापना गर्नु पर्ने प्रमुख माग रहेको घोषणापत्रमा उल्लेख छ।

त्यस्तै देव जातीलाई राष्ट्रिय जनगणनामा पृथक र स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने, शिक्षा, रोजगारी, प्राविधि क तालिम र स्वास्थ्य लगायत सरकारी निकायमा देव जातीका लागि आरक्षण कोटाको सुनिश्चितता तथा दलित, आदिवासी, महिला, अपाङ भएका व्यक्ति जस्तै अतिअल्पसंख्यक देव जातीका लागि छुट्टै आरक्षण प्रणाली लागु लगायतका माग घोषणा पत्रमा समेटिएको छ।

स्थानीय प्रदेश र संघीय तीन वटै तहमा देव समुदायको प्रतिनिधित्वको सुनिश्चितताको माग गर्दै घोषणापत्र मार्फत समुदाय भित्रका कुरिती अन्त्य गर्न सामूहिक जागरण अभियान मार्फत प्रयास तथा आफ्नो पहिचान समानता र समृद्धिका लागि एकजुट भई काम गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको छ।

तीन दिनसम्म चलेको महासम्मेलनमा भारतका साथै विश्वका विभिन्न मुलुकमा रहेका देव समुदायका अगुवा गरि चार सय प्रतिनिधिको सहभागिता रहेको थियो। बागेश्वरी सेवा समिति राजविराज, भवानी सेवा समिति राजविराज, बिराट सेवा समिति बिराटनगर, देव समाज विर्तामोड र देव समाज काठमाडौंको संयुक्त आयोजनामा महासम्मेलन आयोजना गरिएको थियो।

### *खोलाले बगाएर ...*

राजपुर फरदहवामा ल्याउँदा स्वास्थ्यकर्मीले मृत घोषणा गरेको उनले जानकारी दिए।

यसैबीच सोमबार दिउँसो देवाही गुनाही नगरपालिका ६ कर्कचटोलमा नुहाउन गएका दुई जना बालिका बेपत्ता भएका छन्। कर्कचटोलका रामदयाल रामकी १२ वर्षीया छोरी आरती कुमारी र सोही गाउँ बस्ने शिवधारी रामकी ११ वर्षीया छोरी अन्तिमाकुमारी दिउँसो करिब साबा २ बजेदेखि बेपत्ता भएको प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिए। ती बालिका आफ्नो खेतको भँगालोमा नुहाउन गएको र खोजी कार्य तीव्र बनाइएको समेत उनले जानकारी दिए।

# बलान नदीको बाढीले जीर्ण बनायो तटबन्ध

सिरहा, २० असोज (रासस)। गत दुई दिनको अविरल वर्षाका कारण सिरहा र सप्तरीको सिमाना भएर बग्ने बलान नदीमा आएको बाढीले तटबन्ध जीर्ण बनाएको छ। केही वर्षयता बाढी र कटानको समस्या तीव्र बन्दै गएपछि गाउँको सुरक्षाका लागि करोडौँ खर्चेर निर्माण गरिएको तटबन्ध फेरि भत्किन थालेपछि स्थानीय बासिन्दा पुनः चिन्तित बनेका छन्।

लहान नगरपालिका-२३ तिलबोनामा नदी कटान रोक्न दुई वर्षअघि नगरपालिकाले रु ५० लाख, मधेस प्रदेश सरकारले रु ९५ लाख र गत वर्ष मात्रै सङ्घीय सरकारको खाडो नदी व्यवस्थापन आयोजना कार्यालय राजविराजले रु एक करोड रूपैयाँ लगानीमा तटबन्ध निर्माण गरेका थिए। तर हालको बाढीले ती तटबन्धहरूलाई कमजोर बनाएको छ। स्थानीयका अनुसार प्रदेश सरकारको बजेटबाट बनेको तटबन्ध आधा भाग बगिसकेको छभने सङ्घीय बजेटबाट बनेको तटबन्धमा चिरा परेका छन् र केही भाग भत्किन थालेका छन्।

सोमबार लहान नगरप्रमुख महेशप्रसाद चौधरीले स्थलगत निरीक्षण गरी सम्बन्धित निकाय र निर्माण कम्पनीसँग तत्काल मर्मत कार्य गर्न समन्वय गर्ने बताउनुभयो। उहाँका अनुसार तत्काल जेसिभी पठाएर तटबन्ध वरिपरि माटो मिलाउने काम सुरु गरिनेछ।

नगरप्रमुख चौधरीले भन्नुभयो, "स्थानीयको सुरक्षाका लागि हामी गम्भीर छौँ। म आफैँ स्थलगत निरीक्षणमा गएँ र सम्बन्धित ठेकेदार तथा निकायलाई तत्काल मर्मत र पुनर्निर्माण कार्य अगाडि बढाउन निर्देशन दिनेछु। नगरपालिकाले पनि सक्दो सहयोग गर्नेछ।"

दशकौँपछि बनेको स्थायी तटबन्ध बाढीले जीर्ण बनाई दिएपछि स्थानीय बासिन्दा चिन्तित बनेका छन्। स्थानीय गङ्गाप्रसाद यादव भन्नुहुन्छ, "यस गाउँको ५५ बिघा जमिनको लालपुर्जा घरमा छ तर जमिन खोलामा बगिसक्यो। यो तटबन्धले हाम्रो जमीन बचाउने आशा थियो, तर फेरि भत्किएपछि अब के होला भन्ने डर छ।"

उहाँका अनुसार पछिल्ला दुई दशकमा लहान नगरपालिका-२३, सखुवा नन्कारकटी गाउँपालिका-४ र ५ तथा भगवानपुर गाउँपालिका-१ र २ मा कटानले झन्डै एक हजार बिघा उर्वर जमिन बगाएको छ। यसले किसानलाई आर्थिक रूपमा ठूलो मारमा पारेको छ। कोही सुकुम्वासी बनेका छन्भने कोही सामान्य श्रमिक जीवनयापन गर्न बाध्य छन्। तटबन्ध जीर्ण बनेसँगै सामान्य बाढीले नदी कटान गर्ने जोखिम बढेर गएको छ। स्थानीयवासीले तटबन्धलाई दीर्घकालीन समाधान हुनुपर्नेमा जोड दिएका छन्।

# बाढीपहिरोबाट विभिन्न राजमार्गमा यातायात अवरुद्ध

काठमाडौँ, २० असोज (रासस)। बाढीपहिरोका कारण देशभरका १८ राजमार्गमा यातायात सेवा पूर्णरुपमा अवरुद्ध भएका छन्।

प्रहरी प्रधान कार्यालयका अनुसार सङ्खुवासभाको भोटखोला गाउँपालिका-४ स्थित कोशी राजमार्ग, मकालु गाउँपालिका-३ स्थित कोशी राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको छ।

यसैगरी, ओखलढुङ्गाको मानेभञ्ज्याङ गाउँपालिका-६ र ७ जोड्ने सिद्धिचरण लोकमार्ग, उदयपुरको कटारी नगरपालिका-१४ दलदलेमा रहेको सिद्धिचरण राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो।

यस्तै, धनकुटाको पाखिबास नगरपालिका-५ ढिकुरेस्थित मध्यपहाडी लोकमार्ग, धनकुटाकै साँगुरीगढी गाउँपालिका-१ स्थित कोशी लोकमार्ग, इलामको इलाम नगरपालिका-९ राजदुवालीलगायत मेची राजमार्गका विभिन्न स्थान अवरुद्ध भएका छन्।

यसैगरी, रसुवाको गोसाइँकुण्ड गाउँपालिका-२ स्थित नेपाल चीन मितेरी पुल, सोही गाउँपालिका-५ स्याप्रुबेँसी लगायतका चार स्थानमा पूर्णरुपमा बाटो अवरुद्ध भएको प्रहरीले जनाएको छ। सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ चारकिलोस्थित अरनिको राजमार्ग, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-११ मास्तीखोलास्थित बिपी राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको छ।

वर्षाका कारण आएको बाढीपहिरोबाट मकवानपुरको बकैया गाउँपालिका- ११ घट्टेखोलास्थित कान्ति लोकपथ, मकवानपुरकै भीमफेदी गाउँपालिका-८ स्थित कान्ति लोकपथ, मकवानपुरकै इन्द्रसरोवर गाउँपालिका-३ स्थित कुलेखानी दक्षिणकाली सडक पूर्णरुपमा अवरुद्ध भएको प्रहरी प्रवक्ता घिमिरेले बताउनुभयो।

यसैगरी, सिन्धुलीको फिक्कल गाउँपालिका-६ नागस्थानस्थित मध्यपहाडी लोकमार्ग र सिन्धुलीकै सुनकोशी गाउँपालिका-१ नेपालथोकस्थित बिपी राजमार्गसमेत अवरुद्ध भएको प्रहरीले जनाएको छ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*